# सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकणरण आयोजनाको परिचय

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना नेपाल सरकार र विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालन गरिएको एक महत्त्वपूर्ण कार्यक्रम हो। यस निर्देशिकाको उद्देश्य स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वितरण तथा जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइ जस्ता व्यक्तिगत घटना दर्ता सेवालाई सूचना प्रविधिमा आधारित, पारदर्शी, व्यवस्थित, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन हो। यसले स्थानीय तहमा एमआईएस (MIS) प्रणालीमार्फत तथ्याङ्क व्यवस्थापन, अभिलेखीकरण तथा सेवा प्रवाहलाई सुदृढ बनाउन आवश्यक व्यवस्था गरेको छ।

# सेवा ईकाइमा कार्यरत कर्मचारीको काम कर्तव्यहरु

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन आवश्यक सहजिकरणका कार्यहरू गर्ने।
- यस अन्तर्गत सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राही तथा व्यक्तिगत घटना दर्ताको विवरण MIS प्रणालीमा दर्ता, अद्यावधिक र व्यवस्थापन गर्ने ।
- सामाजिक सुरक्षा भत्ताको लाभग्राही सूची तथा EFT विवरण तयार गर्ने, तथ्याङ्कको शुद्धता कायम गर्ने, अभिलेख सुरक्षित राख्ने तथा आवश्यक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने कार्य गर्दछ।
- यसका साथै वडास्तरका कर्मचारीलाई प्राविधिक सहयोग प्रदान गर्ने, सेवा प्रवाहमा देखिएका समस्या समाधानका लागि समन्वय गर्ने, सेवाग्राहीलाई आवश्यक जानकारी तथा सहजीकरण गर्ने।
- सूचना प्रविधिमा आधारित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन आवश्यक सहजिकरण तथा समन्वय गरी विभाग पालिका र वडामा पुलको काम गर्दछ ।

➢ सामाजिक सुरक्षा नियावली, २०७६ को नियम ९ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त (हाल असोज मसान्त) भित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई नविकरण गर्नु पर्ने व्यवस्था भएकोमा गत आ.व मा जम्मा १०६६७ नविकरण भएका लाभग्राही मध्ये ६१६ जना लाभग्राहीहरुको बायोमेट्रिकद्धारा नविकरण भएको र बाकीको सामान्य नवकिरण भएको ।

➢सामाजकि सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीको नयाँ दर्ता र नविकरण गर्दा बायोमेट्रिक नभएकाहरुका विभागबाट बायोमेट्रिक अनिवार्य गर्ने भनि परिपत्र भएअनुसार वडा र नगरपालिकाबाट जम्मा ३१९० जना लाभग्राहीहरुको बायोमेट्रिकद्धारा फिङ्गर प्रिन्ट लिएको ।

## आ.व २०८२।०८३ मा १४ वटा वडामा भएका घटनादर्ताहरुको विवरण

| क.स | १ - ३५ दिन | अन्य ३५ दिन पछि | जम्मा |
|---|---|---|---|
| जन्म | ३६३ | ८०५ | ११६८ |
| मृत्यु | २७७ | २११ | ४८८ |
| विवाह | १३५ | ४८९ | ६२४ |
| सम्बन्ध विच्छेद | २१ | २९ | ५० |
| बसाई सराई जाने | १०४ | ० | १०४ |
| बसाई सरी आउने | २४३ | ० | २४३ |



प्रत्येक त्रैमासिकमा नयाँ थप भएका लाभग्राहीहरुको खाता खोल्न लगाई नाम खाता नं VERS –MIS मा अध्यावधिक गरी तपशिल अनुसारको रकम EFT मार्फत भुक्तानी गरिएको छ

| क.स | लाभग्राहीको प्रकार | संख्या | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | ३७१७ | ४५९२८१३३ | ४५५६७२२९ | ४५०७८५७० | ४४५१२४८१ |
| २ | जेष्ठ नागरिक दलित | ४१६ | २९६४३५५ | ३०३८७२९ | ३१४२०८१ | ३२६३८२० |
| ३ | जेष्ठ नागरिक एकल महिला | ५९३ | ४४८७४२० | ४५२२००० | ४७२०२५९ | ४७३२१४० |
| ४ | विधुवा | १०६९ | ७९४५४२० | ८१०२३६० | ८१६२४७६ | ८४३९११६ |
| ५ | पूर्ण अपाङ्ग | १७२ | १९७१५९२ | २००७२३६ | २०७५३३२ | २०४२८८० |
| ६ | आशिंक अपाङ्ग | ५४५ | ३३७०७५२ | ३४२१८२४ | ३४३८६२८ | ३४५९९२२ |
| ७ | दलित बालबालिका | ४७० | ७१८०९५ | ७१७४०५ | ७२२४८१ | ७२६२६५ |
| ८ | क्षेत्र तोकिएको बालबालिका | ४०१० | ६२१५८७३ | ६१७०५३६ | ६१५०८५७ | ६१६२२५४ |
| ९ | लोपोन्मुख जाति | ८ | ८७७८० | ९५७६० | ९५७६० | ९५७६० |
| | जम्मा<br>जम्मा निकासा रकम | ११००० <br>२९४५६३५८१ | ७३६८९४२० | ७३६४३०७९ | ७३५८६४४४ | ७३४३४६३८ |

# अन्य जिम्मेवारी तथा कार्यहरु

- कार्यालयको आवश्यकता अनुसार अन्य शाखाका प्रशासनिक तथा प्राविधिक कार्यमा सहयोग गरिएको
- महिला बालबालिका शाखाको अनलाईन नगरेका सम्पुर्ण जेष्ठ नागरिक र अपाङ्गता कार्ड प्राप्त हरुको CIMS Software मा इन्ट्रि गरिएको ।
- पालिकामा व्यवसाय दर्ता भएको र दर्ता नभएको सम्पुर्ण व्यवसायको Software मा इन्ट्री गरिएको ।
- सम्पुर्ण ऐन तथा नियमावलीलाई पुन टाईप र Soft copy बनाएको ।